# 2017-18
# प्रतिकूल मौसमका लागि योजना

**प्रतिकूल मौसमको पूर्वानुमान गरिएको बेलामा विद्यालयलाई बन्द गर्ने कि विद्यालय ढिला खोल्ने भन्ने बारेमा Guilford County Schools (GCS) ले कसरी
निर्णय गर्छ?**

**निरीक्षक**ले **प्रमुख सञ्चालन अधिकारी**लाई प्रतिकूल मौसमको पूर्वानुमान गरिँदा विद्यालय बन्द गर्ने वा ढिला खोल्ने वा विद्यार्थीहरूलाई छिट्टै घर पठाउने भन्ने बारेमा सिफारिस गर्ने उत्तरदायित्व दिनुभएको छ। देश भरीका सडकहरू र मौसम सम्बन्धी जाँच गर्नका लागि नियुक्त गरिएका **यातायात निर्देशक** र **यातायात सुपरभाइजरहरू**को टोलीलाई **प्रमुख सञ्चालन अधिकारीले** निरीक्षण गर्नुहुनेछ।

मौसम सम्बन्धी पूर्वानुमान अनुसार विद्यालय बस सञ्चालन गर्न सडकको अवस्था असुरक्षित रहेको चेतावनी दिन्छ भने, **यातायात सुपरभाइजरहरूले** निर्दिष्ट सडकहरूको समीक्षा गर्नुहुनेछ र बिहान 5 बजेभित्रमा **यातायात निर्देशक**लाई सडकको अवस्थाहरूको बारेमा भन्नुहुनेछ। निर्देशकले सडकको अवस्थाहरूको सम्बन्धमा सुपरभाइजरहरूबाट प्राप्त सबै प्रतिवेदनहरूलाई ध्यान दिनुहुनेछ, राडारका छविहरूको समीक्षा गर्नुहुनेछ, राष्ट्रिय मौसम विभागको स्थानीय शाखासँग परामर्श लिनुहुनेछ र **प्रमुख सञ्चालन अधिकारी**लाई निम्न मध्ये कुनै एक सुझाव दिनुहुनेछ:

1. विद्यालय नियमित समयमा खोल्ने;
2. विद्यालय नियमित समयभन्दा एक वा दुई घण्टा ढिला खोल्ने;
3. विद्यालय छिटै बन्द हुनेछ; वा,
4. त्यो दिन विद्यालय खुल्नेछैन।

**प्रमुख सञ्चालन अधिकारी**ले निरीक्षकसँग यस सम्बन्धमा कुराकानी गरेर अन्तिम निर्णय लिनुहुनेछ। कति दिनसम्म विद्यालय ढिला खोल्ने लगायत विद्यालय खोल्ने वा बन्द गर्ने निर्णय **सञ्चार निर्देशक**द्वारा बिहान 5:30 बजेभन्दा अगाडि नै समाचार माध्यमहरूमा घोषणा, Connect-Ed ® मार्फत साझा, GCS वेबसाइट (www.gcsnc.com) मा पोस्ट र GCSTV 2 मा प्रसारण गरिनेछ। *विद्यालय नियमित समयमा खुल्ने भएमा, कुनै सूचना जारी गरिनेछैन। तसर्थ, मिडियामा घोषणा नगर्नुको अर्थ विद्यालय नियमित समयतालिका अनुसार सञ्चालन हुनेछ भन्ने हुन्छ।* यदि विद्यालय खुलेपछि प्रतिकूल मौसम उत्पन्न भएमा, विद्यालय छिटो छुट्टी गर्ने भनी सकेसम्म छिटो निर्णय लिइनेछ।

यसो गर्न सम्भव हुँदा, यदि साँझको समयभन्दा पहिले नै विद्यालय बन्द गर्ने सम्बन्धी निर्णय लिन सकिने भएमा, **प्रमुख सञ्चालन अधिकारी**ले निरीक्षकलाई सिफारिसको बारेमा सूचित गर्नुहुनेछ र अपराह्न 4:30 बजेभन्दा अगाडि नै अन्तिम स्वीकृति प्राप्त गर्ने प्रयत्न गर्नुहुनेछ।

विद्यालय पूरै एक दिनको लागि बन्द हुन्छ भने, यसो गर्न सम्भव हुँदा, दिउँसो तिर सडकको अवस्थाहरूको जाँच गरिनेछ र साँझको समाचारमा प्रसारण गर्नका लागि अवलोकनहरूको बारेमा समयमै रिपोर्ट गरिनेछ। यदि सडक अर्को दिनको बिहानभन्दा अगाडि बनाउन सकिने अवस्थामा छैन भने, विद्यालय बन्द गरिनेछ।

सूचनालाई समाचार माध्यममा घोषणा गरिनेछ, GCS वेबसाइट (www.gcsnc.com) मा पोस्ट गरिनेछ र GCSTV 2 मा प्रसारण गरिनेछ। यो सामाचार घोषणा गर्नका लागि Connect ® प्रणालीका साथै सामाजिक मिडियाको पनि प्रयोग गरिनेछ। यसो गर्न सम्भव भएको खण्डमा, साँझ 6 बजेको समाचार रिपोर्ट बनाउनका लागि सूचना समयमै जारी गरिनेछ।

साँझको समीक्षा अनुसार अर्को दिन विद्यालय खुल्न सक्ने सम्भावना देखिएमा, निर्णयलाई अर्को दिनको बिहानसम्म विलम्बित गरिन सक्छ र बिहान 5:00 बजे भित्र सूचना जारी गरिनेछ।

**प्रतिकूल मौसमको कारणले विद्यालय केही दिन थप बन्द हुँदा:**

**पाँचौं** विद्यालय दिनको अन्त्यसम्ममा, केही सडकहरू विद्यालय बस चलाउन असुरक्षित रहन्छन् र आगामी तीन दिनसम्म सुरक्षित यात्रा गर्ने सम्भावना हुँदैन भने **बसका चालक** वा **यातायात सुपरभाइजरहरू**ले टेलिफोन नम्बर प्रदान गर्ने विद्यार्थीहरूको आमुबुवा (तल हेर्नुहोस्) र दुर्गम सडकहरूमा बस्ने विद्यार्थीहरूको अभिभावकलाई फोन गरिनेछ। चालकहरूले उहाँहरूलाई अवरोध नभएको सडकबाट नजिकका बस बिसौनीमा/समयमै पुऱ्याउनुहुनेछ। आमाबुवा/अभिभावकले विद्यार्थीलाई कुन ठाउँमा लिन आउने भनी बस चालक अथवा यातायात सुपरभाइजरलाई भन्नुपर्छ। योजना प्रयोजनहरूको लागि, र द्वविधाहरू हटाउन, उक्त बच्चालाई उक्तदिनको मध्यान्ह विद्यालयबाट घर छोड्ने ठाउँ वैकल्पिक बस बिसौनी हुनेछ। बस चालकले विद्यार्थीलाई मध्यान्ह विद्यालयबाट घर छोड्दा अर्को दिन बिहानको बस बिसौनी कहाँ हुनेछ भनी आमाबुवा/अभिभावकहरूलाई जानकारी गरिएको नोट दिनुहुनेछ।

*विद्यार्थीलाई बालबालिका स्याहार केन्द्र पुऱ्याइन्छ वा घर लगिन्छ भने, यो योजना अनूकुल बनाउन तथा वैकल्पिक स्थानमा बस फेला पार्न बालबालिका स्याहार केन्द्रलाई यस बारेमा जानकारी गराउने जिम्मेवारी आमाबुवा/अभिभावकको हुन्छ।*

बसका चालकहरूलाई यातायातको निर्देशकबाट हस्ताक्षर गरिएको standard Guilford County Schools मार्फत विद्यार्थीहरूको घरको टेलिफोन नम्बरहरू माग्न निर्देशन दिइएको छ। आमाबुवा/अभिभावकहरूलाई फाराम पूरा गरेर सिधै बस चालकलाई फिर्ता गर्न अनुरोध गरिन्छ। विशेष आवश्यकताहरू भएका विद्यार्थीहरूको घरको टेलिफोन नम्बर बस चालकहरूसँग पहिले देखि नै छ तर विशेष आवश्यकता भएका विद्यार्थीहरूका अभिभावकहरूलाई बस चालकसँग भएको उक्त नम्बर बच्चालाई विद्यालय लिने वा घर छोड्ने समयमा सही छ कि छैन भनी जाँच्न भनिनेछ।

**अतिरिक्त क्रियाकलापहरू**

**हाई स्कूल -** प्रतिकूल मौसमका कारणले गर्दा विद्यालय बन्द भएको पहिलो दिन, **विद्यालय प्रमुख**ले सञ्चालन गर्ने अनुमति नदिँदासम्म, सबै विद्यालयका अतिरिक्त क्रियाकलापहरूलाई रद्द गरिनेछ। विद्यालय बन्द हुँदा, अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नको लागि विशेष अनुमति पर्दान गरिएको अवस्थामा समेत, विद्यार्थी उक्त क्रियाकलापहरूमा उपस्थित हुन नसकेको खण्डमा विद्यार्थीलाई कुनै पनि प्रकारको दण्ड दिइने छैन।

**इलेमन्टरी तथा मिडल स्कूलहरू -** प्रतिकूल मौसमको कारणले गर्दा विद्यालय बन्द हुँदा वा छिटो छुट्टी दिँदा, **विद्यालय प्रमुख**ले क्रियाकलापहरू सञ्चालन गर्ने अनुमति नदिँदासम्म, ACES कार्यक्रम, खेलकूद, अभ्यास, पूर्वाभ्यास, प्रदर्शनहरू,इत्यादि सहितका कुनै पनि विद्यालयका क्रियाकलापहरू हुनेछैनन्।

प्रतिकूल मौसमका कारणले गर्दा, विद्यालयहरू नियमित समयमा बन्द भएका दिनहरूमा समेत विद्यालय समय पछि हुने क्रियाकलापहरू पनि रद्द गरिनुपर्ने हुनसक्छ। प्रतिकूल मौसमका कारण विद्यालय बन्द हुने कुराको बारेमा विद्यालय स्वयंले सूचना जारी गर्नेछ, GCSTV 2 मा प्रसारण गरिनेछ र www.gcsnc.com मा अनलाइन पोस्ट गरिनेछ।

**प्रतिकूल मौसम - निरीक्षण तथा चेतावनीहरू**

**प्रतिकूल मौसमको निरीक्षण** – प्रतिकूल मौसमको निरीक्षण हुँदै गर्दा यातायातहरू नियमित रूपमा सञ्चालन हुनेछन्। विद्यालय बसहरूले सुरक्षित रूपमा यात्रा गर्न सक्छन् भन्ने कुरा सुनिश्चित गर्न **यातायात निर्देशक**ले मौसम सम्बन्धी अवस्थाहरूको निरीक्षण गर्नुहुनेछ। समयतालिका अनुसार जान, विद्यालय बसहरू सामान्य निर्धारित बाटो छोड्नेछैनन् र बसहरू निर्धारित गरिएभन्दा धेरै पटक रोकिनेछैनन्।

**प्रतिकूल मौसमको चेतावनी** – बसहरूले विद्यार्थी हालेर क्याम्पसबाट बाहिर जानुभन्दा अगाडि नै प्रतिकूल मौसम चेतावनी जारी गरिन्छ भने, बस सञ्चालन कार्य स्थगित गरिन्छ र प्रधानाध्यापकको निर्देशनमा विद्यार्थीहरू चेतावनीको म्याद समाप्त नहुँदासम्म विद्यालय भवनमा रहनेछन्। बसहरू विद्यालयबाट प्रस्थान गरिसकेपछि प्रतिकूल मौसमको सूचना जारी गरिन्छ भने, बस चालकहरूलाई, बसलाई हुरीबतास बन्द नहुँदासम्म बस पार्क गर्नका लागि सावधानीका साथ कुनै सुरक्षित क्षेत्रमा लैजान निर्देशन दिइन्छ।